**बैठक संख्याः ९ (२०८०।८१)**
**बैठक सञ्चालन मितिः २०८०।११।२४, बिहिबार**

**बिहानः ७.३० बजे।**

**क. प्रस्तावहरुः-**

१. बागमती प्रदेश सरकारलाई पेश गर्ने समपुरक र विशेष अनुदानका योजना स्वीकृत गर्ने सम्बन्धमा।
२. खैरहनी नगरपालिकाबाट कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गरिएको चैते धानको बिउको भुक्तानी सम्बन्धमा।
३. बालमैत्री स्थानीय शासन कार्यान्वयनसंग सम्बन्धित विषय सम्बन्धमा।
४. खैरहनी नगर अस्पतालमा जन स्वास्थ्य निरीक्षक पदमा कार्यरत अधिकृत छैटौं नविन पराजुलीको अध्ययन विदा सम्बन्धमा।
५. अस्थायी कार्यालय सहयोगी पदबाट सेवा निवृत टेक बहादुर भण्डारीलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा।
६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझाव कार्यान्वयन सम्बन्धमा।

**ख. निर्णयहरु**

**निर्णय नं १.**

प्रस्ताव नं १ माथी छलफल गर्दा देहाय बमोजिमका योजनाहरु क्रम संख्या बमोजिमकै प्राथमिकताक्रममा राखी बागमती प्रदेश सरकारले प्रदान गर्ने समपुरक र विशेष अनुदानको लागि प्रस्ताव गरी पठाउने।

| प्रदेश समपुरक अनुदान तर्फका योजना | |
|---|---|
| क्रम संख्या | आयोजनाहरु |
| १ | खैरहनी नगरपालिका अधुरो चौबिसकोटी बाट उन्नन टोल हुदे लदरी जाने बाटो, खैरहनी ५ बुडौली हुँदे गवै जाने बाटोको स्तरउन्नती |
| २ | पुरानो राजमार्ग र नगरपालिका ३ को सिमाना देखि पुरानो पर्सा मझवई शान्ति बजार राप्ती नगरपालिका सम्मको बाटो स्तरउन्नती, सिसहनी चोकबाट कपिया स्कुल जाने बाटो ढलान |
| ३ | पर्यटन प्रवर्धनको लागि खैरहनी वडा नं ६ र ८ को बुढीराप्ती खोलाको ड्याक र बाटो ढलान |
| ४ | खैरहनी २ विन्धवासिनी चोक देखि खैरहनी नगरपालिका ४ को वडा कार्यालय सम्म र जनजीबन मार्ग हुदे गर्जा घर खैरहनी नगरपालिका ४ को बाटोको स्तरउन्नती |
| ५ | खैरहनी १० शान्ति बजार देखि कठार बजार हुँदै राप्ती ड्याक निस्कने, खैरहनी १२ शिवनगर पार्कबाट कपिया स्कुल हुँदै वडा कार्यालय जाने बाटोको स्तरउन्नती |
| ६ | खैरहनी १ को कंकाली मार्ग नाला सहित स्तरउन्नती |
| ७ | मगनी फलाम पुलदेखि सुनगाभा कलेज र बैरहनी देखि बह्रमथान जाने बाटो ढलान |
| ८ | खैरहनी १ कयर खोला छेउ, २ विन्धवासिनी, विपी पुष्प पार्क, वडा नं १० मा चन्द्रमा पर्क, वडा १२ कपिया लगायतका ठाउँमा पार्क निर्माण |
| ९ | कबर्ड हल निर्माण वाड नं. ६/१०/९/२/४ |
| १० | कुमरोज स्वास्थ्य चौकीको स्तरउन्नती |
| ११ | खैरहनी नगरपालिका देखि वाड नं.४, वडा नं.७ जोड्ने बाटो |

| | |
|---|---|
| १२ | खैरहनी ४ र २ को सिमानाबाट रायमाझी टोल जोड्ने झलुङ्गे पुल |
| १३ | पर्यटन पूर्वाधार कुमरोज कुचकुचे/कुमरोज कंकाली पर्यटन मार्ग तथा खैरहनी ६ र ८ मा पर्ने बुढीराप्ती खोला ड्याम बाँधी बाटोहरु बनाई मटरबोट संचालन गरी आय आर्जन गर्ने |
| १४ | खैरहनी नगर अस्पताल चिकित्सकहरुका लागि क्वाटर तथा नगरका लागि पार्किङ निर्माण |
| १५ | खरखुट्टे आ.वि., कंकाली मा.वि., कठार मा.वि. लगायतका विद्यालयको भवन निर्माण |
| १६ | अपाङ्ग मैत्री बाटोहरु निर्माण भएका ठाउँमा ग्रिनरी र आधुनिक लाईट व्यवस्थापन (सबै वडा) |
| | **प्रदेश विशेष अनुदान तर्फका योजना** |
| १ | खैरहनी नगरपालिका (३/२/११/४/१०/१२/१३) १ देखि १३ दराई, बोटे, मुसर, जनजाती वस्ती र डाँडागाउँ दलित बस्तीका बाटोहरुमा ढलान स्तरउन्नति |
| २ | बुढीराप्ती, पटिहानी, तनही, ढुङ्गे खोला ६/८/५/९/७/२/३/१३/१२/१० तटबन्धन |
| ३ | खैरहनी नगरपालिका १ देखि १३ वडामा विभिन्न ठाउँमा खाद्य संकट हुन नदिन सिचाई योजना |
| ४ | खैरहनी १, ३,१०,११,१२,१३ खानेपानी पम्प विस्तार |
| ५ | बिपन्न दलित वस्ती, कंकाली छेउको अधुरो ढलान वडा नं. २,३,४ र ९ |
| ६ | खैरहनी नगरपालिका वाड नं. १३,१२,११,१० मा मानव र वन्यजन्तु बिचको द्वन्द्व (मानवीय क्षती) कम गर्न कंक्रिट वाल |

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आ.व. २०८०/८१ मा यस नगरपालिका क्षेत्र भित्रका कृषकका लागि चैते सिजनको धान बालीको लागि उन्नत विउ अनुदानमा वितरण गर्न खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम शिर्षकमा रु. ५,००,००० (अक्षेरुपी पाँच लाख रुपैंया मात्र) वजेट विनियोजन भई चैते सिजनका लागि चैते ५ जातको धानको बीउ अनुदानमा वितरणका लागि मिति २०८०/०९/१९ गते १५ दिने सार्वजनिक सूचना प्रकाशित गरि माग संकलन गर्दा कृषकहरूबाट अधिक माग भई नगर कृषि कार्यक्रममा विनियोजित बजेटबाट मात्र उन्नत धानको बीउमा अनुदान प्रदान गर्न बजेट अपुग हुने अवस्था सृजना भएको हुँदा किसानको माग सम्बोधन गर्न संघीय सरकारबाट हस्तान्तरीत शसर्त बजेटको खाद्यान्न बालीको उन्नत विउ उपयोगमा अनुदान कार्यक्रममा विनियोजित रु.१०,७५,०००( अक्षेरुपी दश लाख पचहत्तर हजार रुपैयाँ मात्र) बजेटलाई समेत यसै कार्यक्रममा समाबेश गर्ने र अनुदानको रकम भुक्तानीको लागि बिउ बिजन उत्पादन, आपूर्ति तथा ब्यवस्थापन निर्देशिका, २०७८ को दफा ६ बमोजिम अनुदान वितरणलाई DESES सफ्टवेयर मार्फत व्यवस्थित गरिने व्यहोरा उल्लेख भएकोमा हाल DESES सफ्टवेयर खुली नसकेको अवस्थामा कृषकको माग बमोजिम वितरण भएको चैते धानको विउ वितरणको अभिलेख पछाडि सफ्टवेयरमा प्रविष्टि गर्ने गरी हाललाई भुक्तानी प्रकृया अगाडि बढाउने ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ उपर छलफल गर्दा बालमैत्री स्थानीय शासन कार्यान्वयनको सम्बन्धमा देहाय बमोजिम गर्ने:-

**देहाय**

CamScanner

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न ५६८ मिति २०७८।०३।२८ गतेको पत्रानुसार बालमैत्री स्थानीय शासन कार्यान्वन निर्देशिका २०७८ बमोजिम यस खैरहनी नगरपालिकाका सम्पूर्ण वडा सहित सिङ्गो नगरमा अवधारणाको कार्यान्वयन घोषणा तथा दिगोपनका लागि उक्त CFLG कार्यान्वयन निर्देशिका अनुसार कार्यान्वयन गर्ने गराउने।

ख. बालमैत्री स्थानीय शासन सरकार संचालन ऐन २०७४ अन्तर्गत वडालाई बालमैत्री स्थानीय शासन युक्त बनाउने व्यवस्था भएकोले CFLG अवधारणा यस नगरमा अवलम्वन गरी घोषणा कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने।

ग. खैरहनी नगरपालिका अन्तर्गगत १ नं वडा देखि १३ नं वडा सम्म सघन रुपले एकै पटक बालमैत्री स्थानीय शासन अवधारणा कार्यान्वयन गर्ने र सुचक मापदण्डका आधारमा अग्रपङतीमा देखिएका वडालाई क्रमश घोषणा गर्दै जाने गरी आवश्यक व्यवस्था मिलाउने।

घ. संघीय सरकारले तयार गरेको ५१ वटा सुचक यस नगरको समुदाय भुगोल र जातजाती, रहनसहनको आधारमा सवै सुचक उपयुक्त भएकोले निर्धारित ५१ वटा सुचक नै निर्धारण गर्ने।

ङ. संघीय सरकारले तयार गरेको घोषणा कार्यविधि २०७९ बमोजिम नै बालमैत्री स्थानीय शासन सम्वन्धी घोषणा प्रक्रिया अवलम्वन गर्ने।

च. बाल समुह तथा सञ्जाल गठन सहजीकरण,परिचालनका लागि संघीय सरकारले निर्माण गरेको बाल समूह गठन मार्गदर्शन सहजीकरण निर्देशिका २०७४ आवश्यक परेमा सुधारगरी सोही बमोजिम यस नगरमा रहेको सम्पुर्ण वडामा बाल समूह सञ्जाल गठन परिचालन गर्ने।

छ. खैरहनी नगरपालिका स्थानीय बालमैत्री स्थानीय शासन अवधारणाको समन्वय, सहजीकरण सम्पर्क समन्वयका लागि नगर कार्यपालिकाको कार्यालयले सम्पर्क शाखा र नगरबालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति नियुक्त गर्ने।

ज. वडा कार्यालयमा कार्यरत कर्मचारी मध्ये उपयुक्त कर्मचारीलाई बाल मैत्री सहजकर्ता वडाअध्यक्षले तोक्ने।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथी छलफल गर्दा बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९, को दफा ६३ मा भएको व्यवस्था बमोजिम खैरहनी नगर अस्पतालमा जन स्वास्थ्य निरीक्षक पदमा कार्यरत अधिकृत छैटौं नविन पराजुलीले माग गर्नुभएको अध्ययन विदा २०८१ बैशाख ७ बाट लागु हुने गरी २ वर्षको लागि अध्ययन अबधी भर बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९, को दफा ५९ को उपदफा (४) बमोजिम पुरा तलब पाउने गरी विदा स्वीकृत गर्ने।

**निर्णय नं ५**

प्रस्ताब नं ५ माथी छलफल गर्दा साविकको कुमरोज गा.वि.स हुँदै खैरहनी नगरपालिका स्थापना भए देखि निरन्तर यस नगरपालिकामा अस्थायी कार्यालय सहयोगी पदमा कार्यरत रही हालै उमेर हदको कारणबाट सेवा निवृत टेक बहादुर भण्डारीलाई नगरपालिकाको तर्फबाट रु १ लाख २० हजार ७९९ रुपैयाँ पैसा ५० आर्थिक सहायता प्रदान गर्ने।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथी छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बार्षिक प्रतिवेदन, परिपत्र तथा अन्य माध्यमबाट प्रदान गरेका सुझावहरुलाई कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्ने।

CamScanner